भाँडो, मान्छे र कविता

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

(२)



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - २६१ ❑ २०८३ असोज २६ गते सोमबार ❑ Monday, 12 Oct. 2026 ❑ मूल्य ७ /-


## कोशी प्रदेशमा नाम संशोधनको कानुनी बाटो खुल्यो

### नयाँ नामबारे फेरि बहस सुरु

पूर्वसन्देश समाचार

दमक/ कोशी प्रदेशको नामांकन भएको साढे तीन वर्षपछि पुनः नाम संशोधनको कानुनी बाटो खुलेको छ । शनिबार बसेको प्रदेशसभा बैठकले प्रदेशसभा सचिवालय सञ्चालन नियमावली पारित गरेसँगै नाम संशोधनका लागि प्रस्ताव दर्ता गर्ने औपचारिक बाटो खुल्दा प्रदेशमा नयाँ नामबारे बहस पुनः सुरु भएको हो ।

२०७९ फागुन १७ गते दुईतिहाइभन्दा बढी बहुमतले प्रदेशको नाम 'कोशी' राखिएलगत्तै विभिन्न पहिचान पक्षधर जातीय समूह र दलहरूले विरोध प्रदर्शन गर्दै आएका थिए । यसअघि पहिलो प्रदेशसभाकै नियमावलीका आधारमा चल्दै आएको दोस्रो प्रदेशसभाको चार वर्ष बित्नै लाग्दा शनिबार नयाँ नियमावली बनेको हो ।

मस्यौदा समितिका सभापति रेवतीरमण भण्डारीले पेस गरेको प्रतिवेदनमाथि सैद्धान्तिक छलफल भएपछि, सत्तापक्षीय नेकपा एमालेका प्रमुख सचेतक रमेशकुमार बस्नेत र प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसका प्रमुख सचेतक गोपाल तामाङले समर्थन जनाएका थिए । त्यसपश्चात प्रदेशसभाको नवौं अधिवेशन अन्त्य हुनुअघि उक्त नियमावली सर्वसम्मत रूपमा पारित भएको घोषणा गरियो ।

नयाँ पारित नियमावलीको नियम २१२ मा प्रदेशको नाम संशोधन गर्ने प्रक्रिया स्पष्ट पारिएको छ । यस व्यवस्था अनुसार नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम भइसकेको नामकरणमा हेरफेर वा संशोधन गर्न चाहेमा प्रदेशसभाको कुल सदस्य संख्याको एकतिहाइ सदस्यले सचिवसमक्ष संशोधन प्रस्तावको सूचना पेस गर्न सक्नेछन् । त्यसपछि सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा छलफलको मिति र समय निर्धारण गर्ने प्रावधान रहेको छ ।

नियमावलीमा यो व्यवस्था समेटिएसँगै पूर्वमाओवादी (हालको नेकपा) का नेताहरूले खुसी व्यक्त गरेका छन् । सत्तारूढ नेकपा संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले यसलाई महत्वपूर्ण उपलब्धि बताएका बाँकी ४ पेजमा ▸▸

### १३ मातृभाषा सरकारी कामकाजमा प्रयोग गर्न सकिने

*दमक/कोशी प्रदेश सभाले नेपाली भाषाबाहेक १३ मातृभाषालाई सरकारी कामकाजमा प्रयोग गर्न सकिने व्यवस्था समेटिएको विधेयक सर्वसम्मतिले पारित गरेको छ । उक्त निर्णयको नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)ले स्वागत गरेको छ ।*

*महासंघले विज्ञप्ति जारी गर्दै कोशी प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' पारित हुनुलाई भाषिक समानता, मातृभाषाको संरक्षण र समावेशी शासन प्रणालीको विकासका लागि महत्वपूर्ण उपलब्धि भनेको छ । प्रदेशको बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय पहिचानलाई राज्यको नीति, कानुन तथा शासन प्रणालीमा संस्थागत गर्ने दिशामा विधेयक पारित हुनु सकारात्मक कदम भएको महासंघले जनाएको छ ।*

*मातृभाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने कानुनी आधार तयार हुनु भाषिक समानता, सामाजिक न्याय र सांस्कृतिक अधिकारको संरक्षणका दृष्टिले महत्वपूर्ण रहेको महासंघको भनाइ छ । विधेयकमा नेपाली भाषाका अतिरिक्त मैथिली, लिम्बू, थारु, तामाङ, मगर, बान्तवा, उर्दू, राजवंशी, राई, नेवार, चाम्लिङ, शेर्पा र सन्थाली भाषालाई सरकारी कामकाजमा प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ ।*

## पूर्वराजाले यस वर्ष सर्वसाधारणलाई टीका नलगाउने

दमक/ पूर्वराजा ज्ञानेन्द्र शाहले यस वर्षको विजया दशमीका दिन सर्वसाधारणलाई टीका तथा जमरा नलगाइदिने भएका छन् ।

उनको संवाद सचिवालय निर्मल निवासले आइतबार सूचना जारी गर्दै पूर्वराजा शाहले यस वर्षको वडा दसैं पर्व सादगीपूर्वक मनाउने निर्णय गरेको जनाएको छ ।

गत भदौमा हिमपहिरोबाट आएको भीषण बाढी र असोजमा परेको अविरल वर्षाका कारण हजारौं मानिस विस्थापित हुनुका साथै सयौंको दुःखद निधन भएको र ठूलो जनधनको क्षति भएकाले यस वर्ष दसैं सादगीपूर्वक मनाउने निर्णय गरिएको सूचनामा उल्लेख छ ।

## बूढीगण्डकी बाढीपीडितलाई सहयोग गर्न लामिछानेको निर्देशन

दमक/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले बूढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा आवश्यक सहयोगमा जुट्न पार्टीका सदस्यहरूलाई निर्देशन दिएका छन् । आइतबार बिहान बूढीगण्डकी नदीमा आएको बाढीले गोरखाको चुमनुब्री क्षेत्रमा व्यापक क्षति पुऱ्याएको र न्याक्चेत-फिलिम तथा धादिङ-गोरखा जोड्ने महत्त्वपूर्ण पुलसमेत बगाएको खबरले आफू मर्माहत भएको लामिछानेले बताएका छन् ।

सामाजिक सञ्जालमा प्रतिक्रिया जनाउँदै लामिछानेले बूढीगण्डकीदेखि त्रिशूली नदी किनारसम्मका तटीय क्षेत्रमा बाढीको जोखिम रहेकाले स्थानीय बासिन्दालाई सुरक्षित स्थानमा रहन र स्थानीय प्रशासनको निर्देशन पालना गर्न अपिल समेत गरेका छन् ।

विपद्का बेला प्रभावित नागरिकको उद्धारमा सरकार सक्रिय रहेकाले सम्बन्धित निकायसँग समन्वय गरी राहत तथा आवश्यक सहयोग उपलब्ध गराउन उनले पार्टीका सदस्यहरूलाई निर्देशन दिएका छन् ।

## नवरात्र सुरु भएसँगै पाथीभरामा भक्तजनको भिड

ताप्लेजुङ / नवरात्र सुरू भएसँगै पाथीभरामा भक्तजनको आगमन बढेको छ छ । नवरात्रको पहिलो दिन आज बिहानैदेखि मन्दिरमा देवीको पूजार्चना गर्नेको घुँइचो लागेको छ । पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतका अनुसार शक्तिपीठ परिसरमा भक्तहरूको भीड लागेको छ भने पाथीभरा क्षेत्र र फेदीका होटलमा पनि तीर्थयात्रीको चहलपहल बढेको छ ।

कञ्चनजंघा, मकालु र फक्ताङलुङलगायत हिमशृंखलाको दृश्यावलोकन गर्न तथा पाथीभरा माताको दर्शन गर्न आएकाहरूले प्रायः सबै होटल भरिएका स्थानीय होटल व्यवसायी इन्द्रनारायण भट्टराईले बताए ।

## मुख्यमन्त्री सम्मेलनको तयारी पूरा

दमक/ कोशी प्रदेश सरकारको आयोजनामा आगामी असोज २७ र २८ गते विराटनगरमा हुने अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन(२०८३ को सम्पूर्ण तयारी पूरा भएको छ ।

कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आइतबार पत्रकार सम्मेलन गर्दै यसबारे जानकारी दिएको हो । सम्मेलनमा सातै प्रदेशका मुख्यमन्त्री, सम्बन्धित प्रदेशका मुख्य न्यायाधिवक्ता, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष र प्रमुख सचिवहरूको सहभागिता रहनेछ ।

संघीय शासन प्रणालीलाई थप प्रभावकारी बनाउँदै प्रदेशहरूबिच आपसी सहकार्य, समन्वय र साझेदारी सुदृढ गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको हो । सम्मेलनले नेपालको संविधानले परिकल्पना गरेको सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित संघीयताको प्रभावकारी कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

सम्मेलनमा प्रदेशहरूले शासन सञ्चालन र कार्यान्वयनका क्रममा प्राप्त गरेका अनुभव, सफल अभ्यास तथा साझा चुनौतीबारे बाँकी ४ पेजमा ▸▸

## नदीजन्य पदार्थको आम्दानी देखिएन

दमक/ कोशी प्रदेशमा हरेक वर्ष नदीजन्य पदार्थको बिक्री ठेक्का करिब एक अर्ब रूपियाँ बराबरको लाग्ने गरेको छ । ठेक्का लिँदा कबोल गरेको रकम र बिक्रीबाट भएको वास्तविक आम्दानीको हिसाब राख्ने स्पष्ट व्यवस्था नहुँदा ठेकेदारले कति नाफा कमाए र राज्यलाई हुनुपर्ने कति आयकर प्राप्त भइरहेको छ भन्ने विषय कानुन अभावमा सधैं अन्योलमै छ ।

कोशी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को आर्थिक ऐनमार्फत बिक्री दरसम्बन्धी अन्योल हटाउन खोजे पनि ठेक्का, बिलबीजक र कर विवरणलाई एकै ठाउँमा जोड्ने प्रक्रिया अझै स्पष्ट हुन सकेको छैन । जसले यस वर्षको ठेक्का सम्झौतामा कस्तो सर्त राख्ने भन्ने विषय नटुङ्गिँदा ठेक्का प्रक्रिया समयमा अघि नबढ्ने चिन्ता थपिएको छ ।

प्रदेश राजस्व कार्यालय कोशीका प्रमुख तथा शाखा अधिकृत विदुर पौडेलका अनुसार समस्या नदीजन्य पदार्थमा मात्र नभएर स्थानीय तहले लगाउने पार्किङ, हाटबजार, विज्ञापन कर, कबाडी तथा अन्य शुल्क उठाउन लगाइने ठेक्कामा पनि देखिएको छ । यी सबै आय ठेक्कामा वास्तविक बिक्री र आम्दानीको विवरण कसरी राख्ने भन्ने विषयमा विस्तृत अध्ययन भएको छैन । प्रदेश सरकारले नदीजन्य पदार्थको ठेक्कासम्बन्धी अध्ययन बाँकी ४ पेजमा ▸▸

## ७ सयभन्दा बढी मत हराएपछि कांग्रेसमा किचलो

दमक/७ सयभन्दा बढी मत हराएपछि काँगेसमा किचलो भएको छ । नेपाली कांग्रेसको १५ औं महाधिवेशन जारी मतगणनामा सात सय मत हराएको भन्दै लफडा भएको छ ।

सानेपास्थित पार्टी कार्यालयमा सहमहामन्त्री (महिला), सहमहामन्त्री (खुला) र केन्द्रीय सदस्य (महिला खुला) (मतपत्र नम्बर ३) को मतगणनाका लागि बक्स खोलिएको थियो । सर्टिङ गर्ने समयमा सात सयभन्दा बढी मत कम देखिएपछि लफडा भएको हो ।

एक उम्मेदवारले दिएको जानकारी अनुसार बाँकी ४ पेजमा ▸▸

## बुढीगण्डकी बाढी : ४९ जनाको उद्धार



दमक/ बुढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित विभिन्न क्षेत्रबाट नेपाली सेनाले हालसम्म ४९ जनाको उद्धार गरी सुरक्षित स्थानमा पुऱ्याएको छ । नेपाली सेनाका अनुसार आइतबार दिउँसो ३ बजेसम्म एमआई-१७ सहित चार वटा हेलिकोप्टर तथा स्थलमार्गबाट खटिएको फौजले प्रभावित क्षेत्रबाट उनीहरूको उद्धार गरेको हो ।

उद्धार गरिएकामध्ये जगतबाट गोरखासम्म छ जना, फिलिमबाट हुल्चुकसम्म चार जना, यारुबाट हुल्चुकसम्म १५ जना, हुल्चुकबाट फिलिमसम्म एक जना, नाम्रुङबाट फिलिमसम्म दुई जना, न्याक्फेदीबाट न्याकडाँडासम्म नौ जना र पायुबाट सल्लेरी (नयाँबस्ती) सम्म १२ जनालाई हेलिकोप्टरमार्फत सुरक्षित स्थानमा पुऱ्याइएको नेपाली सेनाले जनाएको छ ।

उद्धार गरिएकामध्ये एक शिशु, दुई बालक र एक विदेशी नागरिकसमेत रहेका छन् । अन्य सुरक्षा निकाय तथा सम्बन्धित निकायसँग समन्वय गरी थप खोज तथा उद्धार कार्य जारी रहेको नेपाली सेनाले जनाएको छ ।

आइतबार बिहान गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका-६ लोक्पादेखि चुमलिङको बीचमा ठूलो पहिरो गई सोही स्थान भएर बग्ने बूढीगण्डकी नदी थुनि लेदोसहितको ठूलो बाढी जाँदा भौतिक क्षति भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले बताएका छन् ।

हालसम्म मानवीय क्षतिको कुनै विवरण प्राप्त नभएको सुखद पक्ष रहेको पनि उनले उल्लेख गरे । यद्यपि भौतिक क्षति चाहिँ धेरै भएको छ । नेपाली सेनाको चारवटा हेलिकप्टर प्रभावित क्षेत्रमा खोज तथा उद्धारका लागि परिचालन भएको र प्रभावित क्षेत्रबाट हालसम्म ४७ जनाको सकुशल उद्धार गरिएको र सुरक्षित स्थानमा राखिएको उनले बताए ।'

**विजया दशमी, शुभ दीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण उद्यमी, व्यवसायी, निर्माणकर्मी तथा समस्त नेपाली दाजुभाइ/दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।**

प्रो. प्रकाश के.सी.
**प्रविण निर्माण सेवा**
दमक-झापा

# सम्पादकीय

## महान चाड दशैं शुरु

नेपालीहरुको महान चाड बडा दशैं हाम्रो घरआँगनमा प्रवेश गरिसकेको छ । असत्यमाथि सत्यको र आसुरी प्रवृत्तिको विनाश गरी दैवी शक्तिको विजय भएको यस पावन अवसरले नेपाल र विश्वभर छरिएर रहेका नेपालीहरुको जनजीवनमा उमङ्ग, उत्साह र उल्लास ल्याएको छ । घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म विधिपूर्वक मनाइने यो पर्व केवल धार्मिक अनुष्ठान वा कर्मकाण्डमा मात्र सीमित छैन, यसले नेपाली समाजको गहिरो सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक पाटोलाई उजागर गर्दछ । इतिहासदेखि वर्तमानसम्म कायम रहँदै आएको यो चाड सामाजिक एकताको एउटा अद्वितीय र बलियो सूत्र हो ।

दशैंको सबैभन्दा ठूलो र सुमधुर पक्ष भनेको यसले समाजमा स्थापित गर्ने आत्मीयता, भाइचारा र हार्दिकता हो । ब्यस्तता र आधुनिक जीवनशैलीका कारण वर्षभरि आफ्नो थातथलो र परिवारबाट टाढिन बाध्य भएका मानिसहरु दशैंको बहानामा आफ्ना घर फर्किन्छन् । वृद्धवृद्धा बाआमा, मान्यजन र आफन्तको हातबाट रातो टीका, अक्षता र जमरा ग्रहण गरी आशीर्वाद साटासाट गर्ने परम्पराले हाम्रो प्राचीन पारिवारिक संरचना र संयुक्त परिवारको मूल्यमान्यतालाई जीवन्त राखेको छ । जातजाति, भाषा, क्षेत्र र वर्गका सीमाहरुलाई तोड्दै सम्पूर्ण नेपाली समाजलाई एकै धागोमा पिरोल्ने यो पर्वले मानिसहरुबीचको दुरीलाई मेटाइदिन्छ । वर्षभरि विभिन्न कारणले उत्पन्न भएका तिक्तता, वैमनस्यता र गुनासाहरुलाई बिर्सेर आपसमा अँगालो हाल्ने र आपसी सम्बन्धलाई प्रगाढ बनाउने सुअवसर दशैंले प्रदान गर्छ । यसले समाजमा शान्ति, सहिष्णुता र सद्भावको डोरीलाई अझ बढी कसिलो बनाउने काम गर्दछ ।

तथापि, चाडपर्व भन्नासाथ मिठा परिकार र रमाइलो भन्ने मान्यता रहेको पाइन्छ, जसमा दशैंलाई अझ विशेष रुपमा हेरिन्छ । हाम्रो परम्परागत संस्कृतिअनुसार दशैंका बेला विभिन्न मिष्ठान्न र मासुजन्य परिकार खाने चलन छ। तर, बदलिँदो जीवनशैली, शारीरिक निष्क्रियता र खानपानमा देखिने असन्तुलनले चाडपर्वको आनन्दलाई असर गर्न सक्छ। चाडपर्वको नाममा अत्यधिक चिल्लो, पिरो, बोसोयुक्त मासु र बजारिया प्रशोधित खाद्य पदार्थको अनियन्त्रित उपभोगले ग्यास्ट्रिक, उच्च रक्तचाप, मधुमेह र मुटुसम्बन्धी विभिन्न स्वास्थ्य समस्याहरु निम्त्याउने खतरा हुन्छ । त्यसैले, दशैं मनाउँदा 'खाऔं, रमाइलो गरौं, तर स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखौं' भन्ने सचेतता अपनाउनु अपरिहार्य छ । घरमै बनेका ताजा र स्वच्छ खानेकुराहरुको सेवन, रेसादार सागपात र फलफूलको उचित समिश्रणले पर्वको उल्लासलाई दीर्घकालीन रुपमा सुखद बनाउन मद्दत गर्दछ ।

पछिल्लो समय दशैं मनाउने शैली र तौरतरिकामा केही विकृति र विसङ्गतरीहरु पनि भित्रिन थालेका छन्, जसले यसको मौलिक गरिमामा आँच पुर्याउने जोखिम बढाएको छ । क्षमताभन्दा बढी खर्च गर्ने, देखासिकी गर्ने र ऋण गरेर चाडपर्व धान्ने प्रवृत्तिले मध्यम तथा निम्नवर्गीय परिवारको आर्थिक स्वास्थ्य बिग्रने गरेको छ । चाडपर्व भनेको देखाउने प्रतिस्पर्धा वा आडम्बर प्रदर्शन गर्ने माध्यम होइन, यो त मन साटासाट गर्ने र खुशी बाँड्ने सुअवसर हो । आफ्नो गच्छे अनुसार सरल, संयमित र सुसंस्कृत ढङ्गले पर्व मनाउनु नै बुद्धिमानी हुन्छ । यसका साथै, दशैंका नाममा जुवातास खेल्ने, मदिरापान गरी सामाजिक मर्यादा उल्लंघन गर्ने जस्ता विकृतिहरुलाई समाजबाटै निरूत्साहित गर्नुपर्छ। पर्वको नाममा हुने फजुल खर्चलाई रोकेर बरू त्यही रकम रचनात्मक र सामाजिक कार्यमा लगाउन सके यसको सार्थकता अझ बढ्छ ।

समग्रमा भन्नुपर्दा, बडा दशैं केवल पूजाआजा, खानपान र नयाँ लगाउने लुगामा मात्र सीमित छैनह्य यो हाम्रो पहिचान, संस्कृति, सभ्यता र एकताको जीवन्त दस्तावेज हो । यसले हामीलाई आफ्ना संस्कार, माटो र परिवारप्रतिको कर्तब्यबोध गराउँदै मानवीय मूल्य मान्यतालाई पुस्तान्तरण गर्न सघाउँछ । यसपालिको दशैंमा हामी सबैले आपसी सद्भावको दीप प्रज्वलित गर्दै, स्वास्थ्यप्रति उच्च सचेतना अपनाउँदै र आडम्बररहित ढंगले पर्व मनाउने दृढ संकल्प गरौं ।

## सामान्यज्ञान

१. "चराई मिलन पर्व" कुन समुदायमा प्रचलित पर्व हो ?
**उत्तरः पश्चिम नेपालमा बस्ने राना थारू समुदाय**

२. "चिरै भजहर पर्व" कुन जातिसंग सम्वन्धित रहेको छ ?
**उत्तरः थारू**

३. "जितलाई जसले पनि आत्मसात गर्न सक्छ भने हारलाई बहादुरले मात्र पचाउन सक्छ" । यो भनाइ कसको हो ?
**उत्तरः एडोल्फ हिटलर**

४. ४०० मिटर लामो नेपालको एक मात्र मानव निर्मित सुरुङ कसको पालामा बनाइएको थियो ?
**उत्तरः श्री ३ चन्१शमशेर**

५. सात पहाडहरुको शहर (ऋष्तथ या क्भखभल ज्र्षीक) भनेर कुन सहरलाई चिनिन्छ ?
**उत्तरः रोम (इटाली)**

६. सुपारी विवाह कुन जातिमा प्रचलित छ ?
**उत्तरः धिमाल**

७. नेपालको हालको क्षेत्रफल (१,४७,१८१ व.कि.मी.) कहिले देखि कायम भएको हो ?
**उत्तरः वि.सं. २०३६ साल**

८. नेपाली भाषाका प्रथम कवि कसलाई मानिन्छ ?
**उत्तरः सुवानन्द दास**

९. राउटे समुदायले केवल बाजामात्र बजाएर नाच्ने नाचलाई के भनिन्छ ?
**उत्तरः बैशाली**

१०. टंगाल दरवार कसले बनाएका हुन् ?
**उत्तरः भीमशमशेर**

# भाँडो, मान्छे र कविता

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**उपदेश दिन्छौं भाँडो हेरेर, त्यसभित्र के छ भुल्लोभाङ केही थाहा छैन । आज हामी यस्तो अन्धकारमा गुलेली हानेर महान शिकारीको दाबी गरिरहेका छौं । मान्छेको यो दयनीय भाग्यलाई एन्ना कार्सनले बुझिन् र त्यही कुरा लेखिन् ।**

अचेल एउटा कुराको धेरै चर्चा चल्छ । त्यो हो, मान्छेको अन्तरमुखी चरित्र । निकै आलोचना पनि हुने गरेको गर्छ यस्ता मान्छेको । जस्तो कि प्रधानमन्त्री बालेन्द्र शाह । यो कुरा संझिरहँदा यसपालिको नोबेल साहित्य पुरस्कार क्यानाडाकी लेखिका एन्ना कार्सनलाई दिइएको समाचार पनि आयो ।

यति ठूलो पुरस्कार पाउने एन्ना र उनका कृतिहरूको बारेमा पढेपछि यति कुरा लेख्न मन लाग्यो । उनको लेखन शैली यति गज्जपको छ कि उनी के लेखिरहेकी छिन भन्दा कसरी लेखिरहेकीछिन भनेर दिमाग हल्लिन्छ ।

त्यो अन्तरमुखी शैली हो । अर्थात् इन्ट्रोभटेट स्टाइल । उनाका कविता कता कता बग्छन् पत्तै हुँदैन । कविता गद्य, नाटक, दृष्य कला हुँदै फैलिन्छन् । एउटै बिधामा नअडिने । उनका कविता पढ्दै गर्दा लाग्छ उनी कविता लेख्दैछिन् नाटक, उपन्यास लेख्दैछिन कि निबन्ध पत्तै नहुने । अनि सबै बिषयहरूलाई मिसाउने र अन्तरसम्वादमार्फत पस्किने । अर्को कुरा, शास्त्रीय विषयलाई घोलेर त्यसलाई नयाँपन दिने उनको शैलीले पाठकहरूलाई शास्त्रीय चिन्तनप्रति रूची जगाउन काम पनि गरिन् ।

टुक्रा टुक्रामा दुनियाँलाई देख्नु र त्यही टुक्रामा समग्रता खोज्नु अहिलेका आवश्यता पनि हो र उनले त्यही गरिन् । प्राज्ञिक भन्ने शब्दालाई उनले भावनको उपजसंग जोडेर लेखनमा वस्तुगत भन्ने कुरा आफैमा केही होइन भन्ने कुरा प्रमाणित गरिन् । अन्तर्मन भन्ने कुरा नै मान्छेको प्रमूख र शक्तिशालि हतियार हो । कुनै पनि भाँडो त्यसभित्र रहेको वस्तुबाट कहिल्यै पनि निरपेक्ष रहन सक्दैन भन्ने पनि प्रमाणित गरिन् । जस्तो कि राजनीति गर्नेहरू खुव आदर्शका कुरा गर्छन् नि, तर तिनको व्यवहार त्यसको उल्टो बन्दै जान्छ । किनभने उसको राजनीतिक आदर्श भाँडो हो भने उसका गतिविधि त्यसभित्रका खजना हुन् । अनि हामी भाँडोलाई विश्वास गरेर दौडिन्छौं, त्यसभित्रको खजना थाहा हुँदैन । हामी कति पटपूर्ख छौं भन्ने कुराको यो भन्दा ठूलो प्रमाण अरू के हुन्छ ? त्यसैले हो, कार्सनका सिर्जनाहरूले यो कुरालाई बिम्बित गर्छन् कि भाँडो मात्रै आफैमा केही होइन, त्यसको खजना प्रमूख कुरा हो । त्यो खजना भनेको भावना हो, नैतिकता हो, चरित्र हो, सदाचार हो, मानवीयता हो, जिम्मेवारी बोध हो ।

यस्तो नैतिक चेतना अन्तरसम्वादबाट मात्रै प्राप्त हुन्छ । त्यही अन्तरसम्वादबाट उच्च मानवीय संकल्प र व्यवहार जन्मिन्छ । तर आजसम्म हामीले कहिल्यै अन्तरसम्वाद गर्यौं त ? देश चलाउनेहरूका सिंहदरवार र बालुवाटारमा विहान मिर्मिरेदेखि राति १२ बजेसम्म मान्छेका भीडले थिचिएर ऐं ऐं हुँदै र ती प्रत्येलाई समय दिएर, ती प्रत्येकका कुरा सुनेर, ती प्रत्येकका आवाजको समाधान गरिदिने बाचाले समय गुज्रियो । अनि तिनले देश कतिबेला बुझ्ने ? कर्तव्य कतिबेला बुझ्ने ? अनि आफैलाई कतिबेला बुझ्ने ?

एन्ना कार्सनका रचनाहरूले यी सबै कुराको उत्तर दिएका छन् । यो नयाँपनको, उनको नोवेल साहित्यसम्म पुग्ने कारण पनि यही हो । र सबैभन्दा मूल कारण चाहिं उनको सम्वाद हो । आफैसंगको सम्वाद ।

त्यसपछि उनका कविताहरू पढ्ने सुर गरें र यो कविता छानें । यो समयको अन्तरमुखी सम्वाद कस्तो छ भनेर हेर्ने जमर्को गरें । उनको एउटा कविता छानेर यहाँ राख्ने अनुमति मागें । यसको शीर्षक छ : 'साइडवेज' (छेउबाट) । यो कविता बुझे पनि हुन्छ । कथा बुझे पनि हुन्छ । एक पात्रको, एक सम्वादको नाटक बुझे पनि हुन्छ । यो एउटा महान शोककाव्य बुझे पनि हुन्छ । उपन्यास बुझे पनि हुन्छ । शोक गीत बुझे पनि हुन्छ ।

पर्याय कविता बुझे पनि हुन्छ । नारी वियोग भन्दै नारीवादी चश्माले नारी आवाज भन्दै लिङ्गराजनीति बुझे पनि हुन्छ । मिथक र बिम्बले भरिएको एउटा मेटाफिजिकल कविता हो भनेर बुझे पनि हुन्छ । जसरी बुझे पनि हुन्छ, जसरी आज हामी मान्छेलाई बुझ्ने गर्छौं । यो पो हो कि । त्यो पो हो कि । यस्तो पो हो कि । त्यस्तो पो हो कि । यसो पो गर्छ कि । त्यसो पो गर्छ कि । यसो पो गर्दैन कि । त्यसो पो गर्दैन कि । ययो पो गर्दैन कि । तयो पो गर्दैन कि । यसो नगरे हुन्थ्यो । त्यसो नगरे हुन्थ्यो । अनि हामी भाँडो हेरेर भित्रको वस्तु बोल्छौं । अनि केही पनि बुझ्दैनौं । मठ्ठुराम । अनि सबै बुझेको भनेर खोक्छौं ।

दिनमा हजारपल्ट बोलेर, लेखेर मान्छेलाई वाक्क लगाउँछौं । तिनको दिमागलाई गोबरले भरिदिन्छौं र भन्छौं, मैले ज्ञान दिएँ । खोक्रा उपदेश दिन्छौं भाँडो हेरेर, त्यसभित्र के छ भुल्लोभाङ्ग केही थाहा छैन । आज हामी यस्तो अन्धकारमा गुलेली हानेर महान शिकारीको दाबी गरिरहेका छौं । मान्छेको यो दयनीय भाग्यलाई एन्ना कार्सनले बुझिन् र त्यही कुरा लेखिन् । यो कविता आजको मान्छे जस्तै छ । जे बुझे पनि हुने । उनको कविता 'साइडवेज', उदारणको लागि उल्था गरेर पस्कें है :

*तिम्रो मृत्युपश्चात्*
*प्रत्येक दिन बतास चलिरह्यो ।*
*प्रत्येक दिन ।*
*हाम्रै विरुद्ध,*
*एउटा अदृश्य पर्खालझैँ*
*विभत्स भएर उभियो बतास ।*
*हामी आफ्नै पाइतालाले*
*अघि बढिरह्यौँ–*
*सडकका लामा नीरस मोडहरूमा,*
*आमनेसामने भएर*
*बतासको विपरीत दिशामा*
*चिच्याउँदै ।*

*तर ती चीत्कारहरू*
*सबै निरर्थक थिए*
*हामीबीचका दूरीहरू*
*बिस्तारै टाँगिदै गए ।*
*कठोर हुँदै गए–*
*ढुङ्गाझैँ ।*
*ती रित्ता ठाउँहरू थिए,*
*केवल सन्नटाहरू*
*तर अचम्म–*
*तिनमा पनि मूर्तता थियो ।*
*कालो,*
*शोकले गह्रौं,*
*र मौनताभन्दा पनि*
*धेरै निष्ठुर ।*
*कुनै वृद्ध स्त्रीका दाँतहरूबीच*
*छुट्टिएका अँध्यारा खाली ठाउँहरूझैँ–*
*ती स्त्री,*
*जसलाई तिमीले*
*वर्षौंअघि चिनेका थियौ ।*
*त्यतिबेला,*
*जब उनी सुन्दर थिइन्,*
*जब उनका अन्तस्करणभित्र*
*जीवन यसरी बग्थ्यो,*
*मानौँ कुनै विशाल दरबारभित्र*
*अचानक आगो सल्किएको होस*
*र त्यसका ज्वालाहरू*
*उनको सम्पूर्ण शरीरमा*
*रातो प्रकाश बनेर*
*सल्बलाइरहेका हुन् ।*
*त्यतिबेला,*
*उनको शरीरभित्र*
*आगो थियो,*
*जीवन थियो,*
*एउटा सम्पूर्ण दरबार थियो ।*
*तर अहिले–*
*केवल रिक्तताहरू,*
*हामीबीच पनि,*
*उनका दाँतहरूबीच पनि ।*
*र बतास–*
*हरेक दिन,*
*हाम्रै विरुद्ध*
*एउटा पर्खालझैँ*
*उभिइरह्यो ।*

**दमक, झापा**

## सामाजिक सञ्जाल

### कांग्रेस नेतालाई बधाईको ओइरो

शंकर गिरी

हिजो सबेरै सभापतिको मतगणना सकिएपछि मैले श्रद्धेय गगन थापालाई बधाई दिएँ । लगत्तै अनेकौं बधाईका ओइरो लाग्यो । सबैका बधाई हेरें । नजर टक्क अडिने बधाई पार्टीका वरिष्ठ उपसभापति आदरणीय विश्वप्रकाश शर्माको थियो ।

विश्वप्रकाश शर्माले आफू नेता भएरैपनि सबैभन्दा पहिले आफ्नै चित्त बुझाएर अरूलाई चित्त बुझाउन सुझाएको कुरो यो अधिवेशनमा सबैभन्दा सुहाएको प्रसङ्ग हो । गगन थापालाई रणभूमिमा अर्जुन बनाएर पार्टी सुधारको महाअभियानमा विश्वदाइ आफैले निभाएको भूमिका सारथी श्री कृष्णको जस्तो छ ।

गगन थापाकै नेतृत्वलाई सफल बनाउनैलागि होला यो पटक विधान संशोधन गरेरैभएपनि एउटा अतिरिक्त पद थपियो वरिष्ठ उपसभापति । यो पदमा विश्व दाइ सर्वसम्मत भएलगत्तै छापाहरूमा समाचार आए । त्यहाँ भनियो यो पद विशुद्ध विश्वप्रकाशकै लागि बनाइएको हो । यस्लाई होइन भन्ने कुरोपनि छैन । समग्रमा इतिहासमै सबैभन्दा धेरै प्रतिनिधि सहभागी भएको १५ औं महाधिवेशनले फगत एउटा वरिष्ठ उपसभापति मात्रै थपेर अन्य यथावत् राखेको भए अनिबल्ल यो प्रश्न एकव्यक्तिका लागि होभनेर सोध्न मिल्थ्यो । अहिले त पदाधिकारी देखि केन्द्रीय कार्यसमिति नै निकै ठूलो आकारमा छ । २१ जना त ३५ वर्षमुनीका युवाको मात्रै केन्द्रीय कार्यसमितिमा सहभागीता हुँदैछ। त्यसैले परिमार्जनगर्दा धेरै कुरो फेरिएका छन् ।

जम्माजम्मी कुरो के होभने विशेष महाधिवेशन सम्पन्न भएपछि पार्टीमा आएका अनेकौं कठीनाइमा गगन थापाका लागि जतिबेलापनि चट्टान जस्तै उभिएर साथ दिएको विश्वप्रकाशले आजपनि म गगनको दाइ हुँ ,सिनियर हुँ भनेर भाग खोजेको भए अनिबल्ल विश्वप्रकाशलाई पद चाहिएको भन्न सकिन्थ्यो होला । यो पद विश्वप्रकाशको लागि सुहाएकै छ । बोलीले पनि कर्मले पनि । भोलि कोही अर्को विश्वप्रकाश पार्टीभित्र देखापरे त्यो विश्वप्रकाशले यो विश्वप्रकाशका प्रति कति चित्त बुझाएर बस्न सक्दो रहेछ त्यो हेरेपछि विश्लेषण गरौंला ।

आज गगन थापाको दिग्विजयी यात्राको मार्गनिर्देशक विश्वप्रकाश शर्मालाई वरिष्ठ उपसभापति पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

### 'दूषित गठबन्धनको म्युजिकल चियरबाट मुलुकलाई मुक्त गर्नु छ'

योगेश भट्टराई

नेकपा एमालेका उपमहासचिव योगेश भट्टराईले नेपाली कांग्रेसका नवनिर्वाचित सभापति गगन थापा र वरिष्ठ उपसभापति विश्वप्रकाश शर्मालाई बधाई तथा शुभकामना दिएका छन् । सामाजिक सञ्जालमार्फत शुभकामना व्यक्त गर्दै भट्टराईले आशा, भरोसा र विश्वासको जगमा कांग्रेसको नेतृत्वमा आएका थापा र शर्माले जनताको अपेक्षालाई टुट्न नदिने विश्वास व्यक्त गरेका छन् ।

उनले लोकतन्त्र र संविधानको रक्षा, विकास तथा कार्यान्वयनका विषयमा सहकार्य गर्दै स्वस्थ राजनीतिक प्रतिस्पर्धालाई अघि बढाउनुपर्ने बताएका छन् ।

भट्टराईले व्यक्ति र स्वार्थ केन्द्रित सत्ता गठबन्धनको अवस्थाबाट मुलुकलाई मुक्त गर्न साझा प्रयत्न आवश्यक रहेको उल्लेख गरेका छन् । साथै, सम्मानित र मर्यादित राजनीतिक संस्कृतिको निर्माण गर्नुपर्नेमा पनि उनले जोड दिएका छन् ।

उनले साझा प्रयत्नबाट व्यक्ति र स्वार्थकेन्द्रित दुषित सत्ता गठबन्धनको अत्यासलाग्दो म्युजिकल चियरबाट मुलुकलाई मुक्त गर्दै सम्मानित तथा मर्यादित राजनीतिक संस्कृति निर्माण गर्न आवश्यक रहेको बताएका छन् ।

**दमक/** घटस्थापनाको दिनदेखि नै नवरात्रि सुरु हुन्छ - एक आध्यात्मिक यात्रा, जहाँ भक्तजनहरूले ९ दिनसम्म देवी दुर्गाका नौ रूपहरूको पूजा गरी आशीर्वाद प्राप्त गर्छन् । प्रत्येक दिन देवीको फरक-फरक रूपको स्मरण र आराधनाले भक्तको मन, शरीर र आत्मालाई पवित्र बनाउँछ । पहिलो दिन शैलपुत्रीको पूजा हुन्छ, जो पर्वतकी पुत्री हुन् र सधैँ सत्य र धैर्यको प्रतीक मानिन्छिन् ।

- दोस्रो दिन ब्रह्मचारिणी, जो तपस्या र आध्यात्मिक उन्नतिकी देवी हुन्, उनको आराधनाले जीवनमा अनुशासन र संयमको महत्त्व सिकाउँछ ।
- तेस्रो दिन चन्द्रघण्टा, साहस र शक्ति दिने देवीको पूजा गरिन्छ ।
- चौथो दिन कुष्माण्डा, जो सृष्टि र समृद्धिकी देवी हुन्, उनको अर्पणले घरमा उर्वरता र खुसी ल्याउँछ ।
- पाँचौं दिन स्कन्दमाता, जो देवताका पुत्र स्कन्दकी माता हुन्, उनको पूजाले परिवारको कल्याण र सुरक्षा सुनिश्चित गर्छ ।
- छैटौं दिन कात्यायनी, जो राक्षस विनाश गर्ने साहसी देवी हुन्, उनको आराधनाले जीवनका अन्धकार र बाधा हटाउँछ ।
- सातौं दिन कालरात्रि, जो अन्धकारमाथि विजयको प्रतीक हुन्, उनको पूजाले भयमुक्ति र साहस दिलाउँछ ।
- आठौं दिन महागौरी, शान्ति, पवित्रता र सौन्दर्यकी देवी हुन्, उनको आराधनाले मानसिक शान्ति र समृद्धि ल्याउँछ ।
- अन्तिम नवौं दिन सिद्धिदात्री, जो सबै सिद्धि र आशीर्वाद दिने देवी हुन्, उनको पूजा गरी भक्तजनले आफ्नो जीवनमा सफलता र सम्पन्नता सुनिश्चित गर्छन् । हरेक दिन पूजा विशेष फूल, वस्त्र, सुपारी, दूबो र अन्य पवित्र सामग्रीसँग सम्पन्न हुन्छ ।

घर-घरमा कलश, दीप र रङ्गीन सजावटले वातावरणलाई उल्लासपूर्ण बनाउँछ । यसरी नवरात्रि केवल देवीको पूजा मात्र होइन, धार्मिक, सांस्कृतिक र पारिवारिक जीवनमा सकारात्मक ऊर्जा र एकताको यात्रा पनि हो ।

सामाजिक र पारिवारिक महत्व घटस्थापना केवल पूजा-विधि मात्र होइन, यो परिवार र समुदायलाई एकतामा बाँध्ने उत्सव पनि हो । बिहानको कलश स्थापना र जमराको पूजा सकिएपछि घरभित्र र घरबाहिरै रमाइलो माहोल छाउँछ । छिमेकी, आफन्त र साथीहरू एकै ठाउँमा भेला हुन्छन् । सबैले हात जोडेर एकअर्कालाई आशीर्वाद साटासाट गर्छन्, मिठाई र फलफूलको आदानप्रदान गर्छन् । घरमा मात्र होइन, गल्ली-गल्लीमा पनि उत्सवको रौनक फैलिन्छ । बच्चाहरू जमरालाई हेरेर उत्साहित हुन्छन्, बुजुर्गहरूले परम्परागत कथाहरू सुनाउँछन् र युवाहरूले रमाइलोमा सहभागिता जनाउँछन् । यसरी घटस्थापना सामाजिक सम्बन्धलाई मजबुत बनाउने पुलको काम गर्छ ।

परिवारका सदस्यहरू एकसाथ बस्दै देवीको पूजा गर्दा एकता, सम्मान र स्नेहको भावना अझ प्रगाढ हुन्छ । समुदायमा मेलमिलाप र सामूहिकता बढ्छ, जसले एउटा घर मात्र होइन, सम्पूर्ण समाजमा सकारात्मक ऊर्जा र सौहार्दको वातावरण सिर्जना गर्छ । सारमा भन्नुपर्दा, घटस्थापना धार्मिक पवित्रता मात्र होइन, सामाजिक मेलमिलाप र पारिवारिक प्रेमको उत्सव पनि हो, जसले दसैंको उत्सवलाई अझ जीवन्त र रमाइलो बनाउँछ ।

धार्मिक अर्थ धार्मिक दृष्टिले घटस्थापना घरमा शक्ति, पवित्रता र सुरक्षा भित्र्याउने दिनको रूपमा विशेष महत्त्व राख्छ । कलश र जमरा केवल वस्तु होइनन्, यी देवी दुर्गाको आशीर्वादका प्रत्यक्ष प्रतीक हुन्। कलशमा राखिएको पवित्र जल, नरिवल, सुपारी र दूबोले घरमा सकारात्मक ऊर्जा र पवित्रता फैलाउँछ भने जमराले जीवनमा हरियाली, उर्वरता र समृद्धि ल्याउने विश्वास जगाउँछ । यो दिनले परिवारलाई एकत्रित गर्ने, धार्मिक भक्ति जगाउने र संस्कारको गहिराइ बुझाउने अवसर दिन्छ । घटस्थापना केवल पूजा-विधि मात्र होइन, यो दसैं पर्वको आध्यात्मिक, सांस्कृतिक र पारिवारिक आधार हो। यस दिनबाटै दसैंको शुभारम्भ हुन्छ, जसले सम्पूर्ण पर्वलाई आस्था, रमाइलो र उत्सवमय बनाउँछ ।

# दशैंमा के खाने, के नखाने ?

**दमक/** दशैंमा मासुका परिवारहरु भान्सामा धेरै पाक्ने गरेका छन् । तर चिकित्सकहरुले भने धेरै मासु खानु स्वास्थ्यका लागि हितकर नहुने बताउने गरेका छन् । अझ धेरै दिनदेखिको मासु खानु त स्वास्थ्यका हिसावले निकै हानीकारक मानिन्छ ।

शाकाहारीले पनि दशैंमा विभिन्न तरकारीका परिकारका साथै मिठाइको परिकार खाने गरेका छन् । मिठाइको परिकार धेरै खाँदा यसले पनि फाइदा पुग्दैन त्यसैले दशैंमा खानपानमा विशेष ध्यान दिन जरुरी हुन्छ ।

यदी खानपानमा ध्यान नदिने हो भने स्वास्थ्यमा समस्या देखापर्न सक्छ । तपाईमा केही दीर्घ वा अन्य कुनै प्रकारको रोग छ भने झन खानपानमा विशेष ध्यान दिन जरुरी हुन्छ । दीर्घ रोगहरु जस्तै मुटुसम्बन्धी रोग, कोलस्टोर, डाइभेटिज, युरिक एसिड, थाइराड, मृगौलासम्बन्धी रोग हुनेहरुले खानपानमा विशेष सावधानी अपनाउन जरुरी हुन्छ । खानामा लोभ गर्नाले स्वास्थ्यमा प्रतिकुल असर पर्ने भएका कारण के खाने के नखाने भन्ने विषयमा जानकार हुन जरुरी छ ।

नेपालीको भान्सामा पाक्ने खाने कुरा सामान्य तया मुटोरीगीलाई फाइदा पुग्ने खालको नहुने चिकित्सकहरु बताउँछन् । अत्याधिक मात्रामा चिल्लो, मसलेदार र रातो मासुका परिकार चाडबाडमा पाक्ने गरेका छन् जुन मुटुका ल[illegible]ा हुँदैन् ।

## केही प्रेरक भनाइहरु

***यहाँ केही सारभूत भनाईहरु उल्लेख गरिएको छ, जुन हाम्रो लागि प्रेरणादायी हुनसक्छ ।***

- *विज्ञान केवल तर्कको अनुयायी होइन, रोमान्स र उत्साह पनि हो ।* ***स्टिफन हकिङ***
- *सफलता केवल त्यही व्यक्तिलाई प्राप्त हुन्छ, जसले यो तथ्य जानेको हुन्छ कि असफलता एक अनिवार्य हिस्सा हो ।*
- *शिक्षाको अर्थ कुनै घडा भर्नु होइन, बरु भित्रको ज्योति बाल्नु हो ।*
- *जहाँ उत्साह हुन्छ, त्यही जीवन हुन्छ ।*
- *संसार आफैमा एक प्रयोगशला हो, तिमी जति प्रयोग गर्छौं, उत्तिनै सिक्नु र उत्कृष्टता हासिल हुनेछ ।*
- *मान्छे कहिल्यै पूर्ण हुँदैनन्, न त सन्तोषी ।*
- *चन्द्रमासम्म पुग्ने इच्छ महत्वकंक्षा हो, हृदयसम्म पुग्ने इच्छा बुद्धिमानी हो ।*
- *हरेक जीवन एउटा संभावना हो । यदि तपाईं त्यो संभावनालाई खुला राख्न चाहनुहुन्छ भने कसैप्रति कहिल्यै कुनै किसिमको धारणा नबनाउनुहोस् ।* ***सद्गुरु***
- *जब तपाईं केही खानुहुन्छ, तब तपाईं धर्तीको एक अंशलाई आफुभित्र लिनुहुन्छ । अतः हामी धर्तीप्रति जस्तो व्यवहार गर्छौं, त्यस्तै व्यवहार हामी शरीरसँग गर्दछौ ।* ***सद्गुरु***

पुस्तक-साभार

## राष्ट्रवादको आलोकमा
# राजा महेन्द्रको डायरी

✍ युवराज गौतम

## मानदेवदेखि महेन्द्रसम्म

क्रमागत... सेनाको भाषामा "क्वार्टर मार्सल जनरल" भनेको हतियार लगायत युद्धका सामग्री जोहो गरेर आ`ना सेनालाई पठाउने अधिकारी हुन् । अमेरिकाले 'चीनका राष्ट्रबादी नेता' भनेर उकासेका कोमिन्ताङ पार्टी र त्यसका नेता च्याङकाइ सेक वासिङ्टनका दास थिए भन्ने चिनियाँहरूको आरोप छ। सन् १९१२ मा अन्तिम सम्राट (३० महिनाका पु-यी) लाई अपदस्थ गरेपछि त्यहाँ गृहयुद्ध भयो। धेरै वर्ष घात, प्रतिघात र विदेशीको षड्यन्त्र चल्यो। जापानले हमला गर्यो । अन्त्यमा, सन् १९४९ मा कम्युनिष्टहरूले माओको नेतृत्वमा राज्यसत्ता कब्जा गरे ।

त्यसको १० वर्षपछि चीनमा आयोजित समारोहमा भाग लिन नेपालबाट डा. केशरजङ्ग रायमाझी, डा. तुलसी गिरी र अच्युतराज रेग्मी र पी.वी मल्ल पेकिङ (बेइजिङ) पुगे। माओले उनीहरूमध्ये कम्युनिष्ट नेता केशरजंग रायमाझीलाई महेन्द्रलाई सहयोग गर्न आग्रह गरेको रायमाझीले लेखेका छन् । महेन्द्र राष्ट्रबादी भएकाले उनलाई मद्दत गर्नुपर्ने माओको तर्क थियो।

राजा महेन्द्रले राजकाज सम्हालेपछि २०१२ साल वैशाख १ गते (नववर्षको प्रथम दिन) गुन्जमानसिंहलाई प्रमुख सल्लाहकार र ले`टनेन्ट जनरल आनन्दशमशेरलाई उपप्रमुख सल्लाहकार नियुक्त गरी अन्य पाँचजनालाई सल्लाहकार बनाएको पाइन्छ। रोयल एडभाइजर (शाही परामर्शदाता) बाट प्राप्त सुझाव, सल्लाहका आधारमा अघि बढ्ने राजाका बाह्य मनसाय रहेको देखिए पनि त्यसपछि सुरू भएको प्रत्यक्ष शासनले राजनीतिक दलहरु असन्तुष्ट भए।

जंगबहादुरको उदयपछि राजनीतिका नाममा भएको षड्यन्त्र, चन्द्र शमशेरले राणाहरूलाई एबीसी क्लासमा बाँड्दाको परिणति, २००७ सालपछि मातृकाप्रसाद कोइराला र विश्वेश्वरप्रसाद कोइरालाबीचको घातप्रतिघात तथा दलहरूको शक्तिसंघर्षको गहिरो अध्ययन गरेका महेन्द्रले नयाँ शैलीमा मौलिक चिन्तनधाराको विकास गर्न चाहेका थिए।

२०१२ वैशाख २५ गते राजाले राजदरवारमा चारदिने राजनीतिक सम्मेलन बोलाए । नेपाली काँग्रेस, प्रज्ञा परिषद् र राष्ट्रिय काँग्रेसले बहिष्कार गरे पनि सहभागिता उत्साहजनक रहेको पुराना राजनीतिज्ञ तथा इतिहासकार भुवनलाल प्रधानको भनाइ छ।

राजनीतिक सम्मेलनले तुरून्तै आमनिर्वाचन गर्नुपर्ने, प्रजातान्त्रिक पद्धतिमै जानुपर्ने, राजा त्रिभुवनले गठन गरेको सल्लाहकार सभा भंग गर्नुपर्ने र राजाले प्रत्यक्ष शासन गर्न नपाउने सुझाव दियो। त्यसपछि राजाले यसबारे आफूले सोचविचार गर्ने, राजनीतिज्ञहरूले पनि कतिपय विषयमा गम्भीर सोचविचार गर्नुपर्ने भन्दै हतारमा निर्णय नगरौं भन्ने राय व्यक्त गरेको सूर्यबहादुर थापाको आत्मकथामा उल्लेख छ।

राजा महेन्द्रले टंकप्रसाद आचार्य, डिल्लीरमण रेग्मी र विश्वेश्वरप्रसाद कोइरालालाई भेटेर राजनीतिक सम्मेलन किन बहिष्कार गरेको भनेर सोधेका थिए। उनीहरूले प्रष्ट जवाफ दिएनन् ।

राजा महेन्द्रलाई थाहा थियो, धेरैजसो राजनीतिक दल केही शहर र नगरकोटदेखि थानकोटसम्म मात्रै चिनिएका थिए। नेपाली काँग्रेस अलोकप्रिय बनेको थियो । काठमाडौंका सुविधाभोगी र बुद्धिविनोदीहरूको तर्कभन्दा फरक थियो, सुदूर गाउँहरूमा बस्ने जनताको सोच र अवस्था । राजा महेन्द्रले सबैतिरको 'वास्तविक कुरा बुझ्न रिपोर्टरहरु पठाए । ती अखबारका होइनन्, राजनीतिक रिपोर्टर थिए ।

नौ वटा समूह बनाएर २०१२ साल वैशाख ५ गते पठाइएको रिपोर्टरहरूको समूहले एक महिनाभित्रै राजालाई राष्ट्रका प्रमुख समस्या, जनताको धारणा तथा समस्या लगायत राजनीतिमा प्रभाव पार्ने हरेक विषयबारे प्रतिवेदन दियो। राजा त्रिभवनले गठन गरेको राजनीतिक सल्लाहकारको 'सल्लाहकारसभा' विघटन गरेर राजा महेन्द्रले राजनीतिक सम्मेलनको माग पूरा गरिदिए । क्रमशः

## मनोरञ्जन

# 'कमरेड कल्याण' ट्रेन्डिङमा

**दमक/** सामाजिक सञ्जालमा 'कमरेड कल्याण' ट्रेन्डिङमा छ । सन् १९९२ को एउटा चर्चित सत्य घटनाबाट प्रेरित यो एक्सन-कमेडी तेलुगु फिल्म अक्टोबर ९ देखि सिनेमा घरहरूमा रिलिज भएको छ । फिल्मको कथा कल्याण नामक थिएटर मालिक र सितारा नामक युवतीको प्रेम तथा नक्सलवादीहरूको अपहरणको घटनाबाट प्रेरित छ ।

मुम्बई । पछिल्लो समय सामाजिक सञ्जालमा 'कमरेड कल्याण' ट्रेन्डिङमा छ । एक्सन-कमेडी यो तेलुगु फिल्मलाई लिएर दर्शकमा निकै उत्साह देखिएको हो । सन् १९९२ को एउटा चर्चित सत्य घटनाबाट प्रेरित फिल्म आज शुक्रबार(अक्टोबर ९) देखि सिनेमा घरहरूमा रिलिज भयो ।

'कमरेड कल्याण' सन् १९९० को दशकको पृष्ठभूमिमा बनेको फिल्म हो । यसमा कमेडी, रोमान्स र नक्सलवाद जस्ता विषयहरूको सम्मिश्रण छ । फिल्मको कथा कल्याण (श्री विष्णु) को वरिपरि घुम्छ । उनी एक थिएटर (हल) का मालिक हुन् र आफ्नो आमालाई निकै माया गर्छन् ।

एक दुर्घटनाबाट सितारा (महिमा नाम्बियार) ले कल्याणकी आमालाई बचाउँछिन् । त्यसपछि उनीहरूबिच प्रेम बस्छ । कथामा तब नयाँ मोड आउँछ, जब सितारा एउटा सङ्कटमा फस्छिन् । यही बिचमा प्रहरीले नायक कल्याणलाई नक्सलवादी विद्रोही ठानेर उनको खोजी सुरु गर्छ । त्यसपछिको उतारचढाव नै फिल्मको मुख्य कथा हो ।

जानकीराम मारेलाको निर्देशनमा बनेको फिल्ममा श्री विष्णु र महिमा नाम्बियारका साथै राधिका सरथकुमार, शाइन टम कोको, उपेन्द्र लिमये र ब्रह्माजी जस्ता चर्चित कलाकारहरूको अभिनय छ । फिल्मका निर्माता वेङकट कृष्ण क्रान्ति र सीता क्रान्ति हुन् । निर्माताका अनुसार फिल्म 'कमरेड कल्याण' सन् १९९० को दशकको सुरुवातमा आन्ध्र प्रदेश र ओडिशाको सिमानामा भएका घटनाहरूबाट प्रेरित छ ।

सन् १९९२ को समयमा सीमावर्ती ग्रामीण गाउँहरूमा प्रहरी बल र नक्सलवादी विद्रोही समूहबिच निकै तनाव बढेको थियो । त्यतिबेला एक व्यक्तिले जेलमा बन्द आफ्ना साथीहरूको रिहाइको लागि मोलमोलाइ गर्ने उद्देश्यले एक नेताको अपहरण गरेका थिए । जेलमा रहेका आफ्ना सदस्यहरूलाई छुटाउन नक्सलवादीहरूले अपनाएको अपहरणको शैली त्यतिबेला निकै चर्चामा आएको थियो । यो फिल्म यही घटनाबाट प्रेरित रहेको बताइएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

आज मिति
२०८३ साल
असोज २६ गते
सोमबार
12 Oct. 2026
तिथि: द्वितीया

**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | अध्ययनमा सफलता । धन लाभ, मन खुशी । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | शत्रु पत्र सक्रिय रहने । धेरै सावधानी अपनाउनु होला । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मन खुशी । गरेका कामहरुमा सफलता । |
| कर्कट | (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) | ब्यापार व्यवसायमा लाभ । धन सम्पति जोडिने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | वैदेशिक रोजगारीमा असफलता । स्वास्थ्यमा भने सुधार । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | लेनदेन गर्दा सावधानी अपनाउनु पर्ने । विश्वासघात होला । |
| तुला | (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) | आर्थिक पक्ष कमजोर । मनमा अनेकौ कुरा खेल्ने |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | नयाँ ठाउँको भ्रमण योग । मिष्ठान्न भोजन प्राप्ती । |
| धनु | य यो भा भी भ धा फा ढ भे | धर्मकर्ममा मन जाने । मनमा उत्साह बढेर आउने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | पठन पाठनमा सुधारको खाँचो परिश्रम धेरै नै गर्नुपर्ला । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | मनमा खट्पटि । स्वास्थ्यमा केही सुधार । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मित्रहरुबाट सहयोग । आफन्तजनसँग भेटघाट । |

# लोक सेवा आयोग कोशीमा अनियमितता

## विभिन्न शीर्षकमा अतिरिक्त भत्ता असुली

दमक/ कोशी प्रदेश लोक सेवा आयोगमा सामान्य परीक्षा र अन्तर्वार्ताका नाममा राज्यकोषको मोटो रकम भत्ता बुझेर ब्रह्लुट मच्चाइएको छ । आयोगको आधिकारिक दस्तावेज र स्रोतबाट प्राप्त विवरण अनुसार पदाधिकारी तथा कर्मचारीहरूले नियमित दायित्वको काममा समेत विभिन्न शीर्षकमा अतिरिक्त भत्ता असुल्ने गरेका छन् ।

आयोगमा ६ वटा मात्र कम्प्युटर हुँदा १५ मिनेटको परीक्षा दिनमा १० सिˆटसम्म चलाइएको छ । १५ मिनेटको परीक्षा सञ्चालन गर्न अध्यक्ष, सचिव, परीक्षा नियन्त्रक र महाशाखा प्रमुखसहित १५ जनासम्म 'निरीक्षक' खटिएर सार्वजनिक बिदाको दिन पारेर मोटो भत्ता असुल्ने गरिएको छ । अध्यक्ष महेन्द्रप्रसाद गुरागाईँले प्रश्नपत्र बनाउने, मोडरेसन गर्ने, कापी जाँच्नेदेखि ५४० वटा अन्तर्वार्ताको अध्यक्षतासमेत एक्लै गरेर भत्ता बढाएका छन् भने मोडरेसनमा आˆनै बहिनीसमेत संलग्न गराएको पुष्टि भएको छ ।

३ वटा बोर्ड बनाएर ३ दिनमै सकिने अन्तर्वार्तालाई भत्ताकै लोभमा ९ दिनसम्म लम्ब्याइएको छ । ओएमआर मेसिनले स्वचालित रूपमा कापी जाँच्दा र अनलाइन फाराम एप्रुभ गर्दासमेत कर्मचारीले अतिरिक्त रकम लिने गरेका छन् ।

दैनिक काममा अतिरिक्त भत्ता दिन नमिल्ने भन्दै आर्थिक मामिला तथा योजना मन्त्रालयले भत्ताका सबै अतिरिक्त सुविधा खारेज गरिदिएपछि आयोगका पदाधिकारीले उक्त पत्रको फाइल आˆनै च्याम्बरमा दबाएर राखेका छन् । सञ्चारकर्मीले माग गरेको ३ आर्थिक वर्षको परीक्षा भत्ताको विवरण आयोगले लुकाएको छ । उपलब्ध गराइएको विवरणमा समेत पदाधिकारी र अधिकृतस्तरका कर्मचारीले तलबको हाराहारीमा अतिरिक्त पारिश्रमिक तथा भत्ता बुझेको पाइएको हो ।

### अन्तर्राष्ट्रिय

## साउदीमा क्षेप्यास्त्र आक्रमण हुँदा १२ जनाको मृत्यु

**एजेन्सी/** साउदी अरबको राजधानी रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थलमा भएको क्षेप्यास्त्र आक्रमणमा १२ जनाको मृत्यु भएको छ भने ३०९ जना घाइते भएका छन्। घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको साउदी अरबको नागरिक उड्ययन प्राधिकरणलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

शनिबार भएको आक्रमणपछि विमानस्थलको सञ्चालन रोकिएको थियो भने उडानहरु रद्द र अन्य विमानस्थलतर्फ मोडिएका थिए । पछिल्लो २४ घण्टामा कम्तीमा २२५ उडान रद्द भएको विवरण सार्वजनिक भएको छ । आक्रमणका कारण विमानस्थलको आन्तरिक उडानका लागि प्रयोग हुने टर्मिनल ३ र ४ रहेको क्षेत्रमा क्षति पुगेको बताइएको छ ।

मृत्यु हुनेमा चार साउदी नागरिक, बंगलादेशका दुई तथा अमेरिका, प्यालेस्टाइन, इजिप्ट, जोर्डन, सिरिया र सुडानका एक(एक जना नागरिक छन् । घाइतेहरूलाई एम्बुलेन्स तथा हेलिकप्टरबाट विभिन्न अस्पताल पुऱ्याइएको छ ।

### खेलकुद

## पथरी शनिश्चरे गोल्डकपको उपाधि नेपाल पुलिस क्लबलाई

पथरी शनिश्चरे । नेपाल पुलिस क्लब काठमाडौंले मोरङको पथरी शनिश्चरे मा सञ्चालित अन्तर्राष्ट्रिय आमन्त्रण तेस्रो पथरी शनिश्चरे गोल्डकपको उपाधि जितेको छ । पथरीशनिश्चरे नगरपालिका–१, जाँते मोडस्थित प्रस्तावित रंगशालामा शनिबार सम्पन्न फाइनल खेलमा झापा–११ फुटबल क्लबलाई पेनाल्टी सुटआउटमा ५–४ गोलअन्तरले पराजित गर्दै नेपाल पुलिस क्लबले उपाधि उचालेको हो ।

निकै प्रतिस्पर्धात्मक बनेको फाइनल खेलको निर्धारित समयमा दुवै टोलीले २–२ गोलको बराबरी खेलेपछि खेलको निर्णय टाइब्रेकरबाट गरिएको थियो । टाइब्रेकरमा नेपाल पुलिस क्लबले पाँच गोल गर्दा झापा–११ ले चार गोल मात्रै गर्न सक्यो । यससँगै पुलिसले उपाधि आˆनो पक्षमा पार्न सफल भयो ।

उपाधि विजेता नेपाल पुलिस क्लबले नगद ६ लाख रूपैयाँसहित ट्रफी र मेडल प्राप्त गरेको छ भने उपविजेता झापा–११ फुटबल क्लबले नगद ३ लाख रूपैयाँसहित ट्रफी प्राप्त गरेको छ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई विभिन्न विधामा पुरस्कृतसमेत गरिएको थियो ।प्रतियोगितामा प्लेयर अफ दि टुर्नामेन्ट नेपाल पुलिसका सुजन मगर पुलामी घोषित भए भने बेष्ट गोलकिपर नेपाल पुलिस क्लबकै अमित टमाटा बने । यसैगरी, राइजिङ प्लेयरका रूपमा पथरी –११ एफसीका विशाल पुलामी मगर घोषित भएका छन् भने खेल अवधिभर सर्वाधिक गोलकर्ता झापा ११एफसीका प्रताप राई घोषित भएका हुन् ।

मोरङ क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य गणेश कार्कीको प्रमुख आतिथ्यतामा भएको पुरस्कार वितरण कार्यक्रममा पथरी शनिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्बापो, गृह मन्त्रालयका सचिवालय प्रमुख जेम्स कार्कीलगायत विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । विजेता तथा उपविजेता टोलीलाई प्रमुख अतिथि, नगर प्रमुख र आयोजक पथरी–११ फुटबल क्लबका अध्यक्ष सुमन विकलगायतले संयुक्त रूपमा पुरस्कार प्रदान गरेका थिए ।

**कोशी......**छन् भने पर्यटन, वन तथा वातावरण मन्त्री खिनु लङ्वाले अलिकति कोसिस गरे अब नाम सच्याउन सकिने प्रतिक्रिया दिएकी छिन् ।

तर, सत्तारूढ दलका नेताहरूले सामाजिक सञ्जालमार्फत खुसी साटिरहँदा नेकपा एमालेका सांसदहरु भने यस विषयमा मौन देखिएका छन् । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले शनिबार नै पारित भएको सरकारी कामकाजको भाषासम्बन्धी विधेयकलाई ऐतिहासिक भनी उल्लेख गरे पनि नियमावलीका बारेमा भने केही खुलाएका छैनन् । नियमावलीमा एकतिहाइ सांसदले प्रस्ताव दर्ता गर्न पाउने बाटो खुल्ला भए पनि नाम फेर्नका लागि संसदमा अझै दुईतिहाइ बहुमत आवश्यक पर्छ ।

**७ सय.....** यी पदहरूमा ६ हजार ३४७ मत मात्र भेटिएको छ । बाँकी मत कता हरायो भन्दै खोजी कार्य जारी छ । त्यसअघि पनि मधेश प्रदेशअन्तर्गत एक बाक्सा हराएपछि लामो समय लफडा भएको ती नेताले बताए । 'बाक्सा भेटियो तर सात सय मत नभेटिएपछि अहिले लफडा भइरहेको छ' ती नेताले भने– 'हामी खोज्दै छौँ ।' मत गणनास्थलबाटै मत हराएपछि मतगणनास्गलमा नै भाँडभैलो मच्चिएको र थप गणनामा अवरोध पुगेको एक केन्द्रीय नेताले जानकारी दिए ।

**मुख्यमन्त्री....**छलफल हुनेछ । साथै, संविधानप्रदत्त प्रदेश अधिकारको प्रभावकारी प्रयोग, संघ, प्रदेश र स्थानीय तहबीच अधिकार तथा जिम्मेवारीको स्पष्टता, आवश्यक कानुनी तथा नीतिगत सुधार र वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयनका विषयमा समेत छलफल गरिनेछ ।

त्यसैगरी, प्रदेशहरूबीच साझा हितका विकास आयोजना तथा कार्यक्रमको पहिचान र कार्यान्वयन, अन्तरप्रदेश पूर्वाधार विकास, व्यापार तथा लगानी सहजीकरण, प्राकृतिक स्रोतको न्यायोचित उपयोग र लाभ बाँडफाँट, विपद् व्यवस्थापनमा सहकार्य तथा सुशासन र सार्वजनिक सेवा प्रवाहमा नवीन अभ्यासको आदानप्रदानलाई सम्मेलनले प्राथमिकता दिनेछ ।

प्रदेश सरकारहरूको कार्यसम्पादनलाई प्रभावकारी बनाउँदै नागरिकले अनुभूति गर्ने गरी गुणस्तरीय सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्ने, विकासका उपलब्धिलाई जनतासम्म पुऱ्याउने र प्रदेशहरूको आन्तरिक आय अभिवृद्धिको सम्भावनालाई उपयोग गर्ने सम्मेलनको मुख्य उद्देश्य रहेको विज्ञप्तिमा उल्लेख छ ।

सम्मेलनमा प्रस्तुत गरिने साझा एजेन्डा, प्रस्तावित कार्ययोजना र प्रतिबद्धतामार्फत प्रदेशहरूबीचको सहकार्यलाई नियमित, व्यवस्थित र परिणाममुखी बनाउने दिशामा ठोस पहल गरिने जनाइएको छ ।

कोशी प्रदेश सरकारले सातै प्रदेशको सक्रिय सहभागितामा सम्मेलनलाई उपलब्धिमूलक बनाउँदै संघीयताको सुदृढीकरण, सुशासन, दिगो विकास, आर्थिक समृद्धि र नागरिकको जीवनस्तर सुधारका साझा लक्ष्य हासिल गर्ने प्रतिबद्धता जनाएको छ ।

**नदीजन्य....**गरी त्यसको भने विवरण तयार पारेको छ ।

प्रदेश राजस्व कार्यालयको वार्षिक प्रतिवेदन अनुसार आव २०८२/८३ मा ४६ स्थानीय तहबाट नदीजन्य पदार्थ उत्खनन तथा बिक्रीबाट मूल्य अभिवृद्धि करसहित ८० करोड ७७ लाख ९१ हजार रूपियाँ आम्दानी भएको छ । भ्याटबाहेक रकम ७० करोड २७ लाख ७८ हजार रूपियाँ छ । ती स्थानीय तहमा वातावरणीय अध्ययनबाट स्वीकृत उत्खनन परिमाण नौ करोड ५६ लाख ५१ हजार घनफिटभन्दा बढी छ ।

प्रदेशभर नदीजन्य पदार्थको ठेक्का कारोबार करिब एक अर्ब रूपियाँ बराबर रहेको पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार ठेक्का प्रक्रियामा देखिएको मुख्य समस्या ठेकेदारले कबोल गरेको रकम र बिक्री गर्दा अपनाइने दरबिचको अन्तर हो । स्थानीय तहले तोकेको न्यूनतम दरका आधारमा ठेक्काको मूल्यांकन गर्छन् र प्रतिस्पर्धाबाट ठेक्का लगाउँछन् । प्रतिस्पर्धामा ठेकेदारले न्यूनतम रकमभन्दा बढी कबोल गर्न सक्छन् । बिक्रीको हिसाब न्यूनतम दरलाई आधार मानेर राख्दा ठेक्कामा तिरेको रकम र बिक्रीबाट भएको आम्दानीबिच तालमेल नमिल्ने अवस्था आउन सक्छ ।

कोशी प्रदेश सरकारले यही अन्योल हटाउने प्रयास गरेको छ । चालु आव २०८३/८४ को आर्थिक ऐनले प्राकृतिक स्रोत संकलन तथा बिक्रीका लागि तोकिएको दरलाई न्यूनतम मूल्यका रूपमा लिने व्यवस्था गरेको छ ।

## एडिवीद्वारा ४७ लाख वित्तिय सहायता

दमक । एसियाली विकास बैंक (एडीबी)ले ३० करोड ५७ लाख ५० हजार अमेरिकी डलर (करिब ४७ अर्ब रूपैयाँ) बराबरको वित्तीय सहायता उपलब्ध गराउने भएको छ ।

एडीबीले पूर्व-पश्चिम राजमार्ग र पृश्वी राजमार्ग स्तरोन्नति तथा कर्णाली राजमार्ग सुधारका लागि उक्त वित्तीय सहायता स्वीकृत गरेको हो ।

यसबाट सडक सञ्जाल, क्षेत्रीय व्यापार, सडक सुरक्षा तथा विपद् र जलवायु परिवर्तनका जोखिम सामना गर्न सक्ने पूर्वाधार विकासमा सहयोग पुग्नेछ। साथै, वन्यजन्तुको बासस्थान संरक्षणमा समेत योगदान पुग्ने एडीबीले जनाएको छ ।

स्वीकृत वित्तीय सहायता प्याकेजमा एडीबीको साधारण पुँजी स्रोतबाट २८ करोड ५० लाख अमेरिकी डलर ऋण, एसियाली विकास कोष (एडीएफ)को क्षेत्रीय सहकार्य तथा एकीकरणसम्बन्धी विषयगत कोषबाट २ करोड अमेरिकी डलर अनुदान र एडीबीको प्राविधिक सहायता विशेष कोषबाट ७ लाख ५० हजार अमेरिकी डलर प्राविधिक सहायता समावेश छ ।

दमक । नेपाली सेनाले नुवाकोट र रसुवाको सिमानामा पर्ने बेत्रावतीस्थित फलाकु खोलामा निर्माण गरेको २४० फिट लामो एक्रो ब्रिज गल्छी–रसुवागढी सडक आयोजनालाई हस्तान्तरण गरेको छ । सेनाले आइतबार उक्त पुल आयोजनालाई बुझाएको जनाएको छ। भोटेकोसीमा २०८३ भदौ १० गते आएको विनाशकारी बाढीबाट क्षतिग्रस्त सडक तथा पुल पुनर्निर्माण गर्ने क्रममा सेनाले फलाकु खोलामा एक्रो ब्रिज निर्माण गरेको हो।पुल निर्माण गर्नुअघि नेपाली सेनाले करिब ३०० मिटर सडक खण्डमा रहेका कठिन चट्टान फुटाएर पहुँचमार्ग तयार पारेको थियो । त्यसपछि असोज २० गतेदेखि सुरु गरिएको पुल जडानको काम असोज २४ गते पूरा भएको सेनाले जनाएको छ ।

नवनिर्मित पुल २४० फिट (७३.२ मिटर) लामो र १८ फिट (५.५ मिटर) चौडा छ। यसले अधिकतम ४० टन भार बहन गर्न सक्ने क्षमता राख्छ । पुल सञ्चालनमा आएसँगै नुवाकोट, रसुवा तथा आसपासका क्षेत्रका बासिन्दाको आवतजावत सहज हुने अपेक्षा गरिएको छ। साथै, बाढीबाट प्रभावित क्षेत्रमा राहत सामग्री र अन्य अत्यावश्यक वस्तु ढुवानी गर्न पनि सहयोग पुग्ने विश्वास लिइएको छ ।

# बाढीले चार जलविद्युत् आयोजनामा क्षति

दमक/ बुढीगण्डकी नदीमा आएको बाढीले चार जलविद्युत् आयोजनामा क्षति पुर्याएको छ । बाढीका कारण आयोजनाका क्याम्प क्षेत्र, निर्माण उपकरण, सामग्री, पहुँच सडक तथा पुलमा क्षति पुगेको प्रारम्भिक विवरणले देखाएको छ ।

प्रारम्भिक विवरणअनुसार बाढीबाट ३४.४ मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजना, २८.५ मेगावाटको दोभान खोला जलविद्युत् आयोजना, ३०.५९ मेगावाटको यारु खोला जलविद्युत् आयोजना र १६ मेगावाटको माछाखोला जलविद्युत् आयोजना प्रभावित भएका छन् ।

यसैगरी, टाइम्स इनर्जी प्रालिले प्रवर्द्धन गरिरहेको ३४.४ मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजनाको मुख्य क्याम्प क्षेत्र बाढीले बगाएको छ। साथै, आयोजनाका केही निर्माण उपकरणसमेत बगाएको प्रारम्भिक विवरणमा उल्लेख छ।

दोभान खोला आयोजनाका क्याम्पमा क्षति पुगेको छ । २८.५ मेगावाट क्षमताको दोभान खोला जलविद्युत् आयोजनामा पनि बाढीले क्षति पुर्याएको छ । दोभान खोला हाइड्रोपावर लिमिटेडले प्रवर्द्धन गरिरहेको आयोजनाको क्याम्प क्षेत्रका केही घरमा क्षति पुगेको छ भने बाँध क्षेत्रसमेत बाढीको प्रभावमा परेको विवरणमा उल्लेख छ।

यस्तै यारु हाइड्रो पावर प्रालिले प्रवर्द्धन गरिरहेको ३०.५९ मेगावाट क्षमताको यारु खोला जलविद्युत् आयोजनाको बेलिब्रिजमा क्षति पुगेको छ । बाढीले आयोजनामा प्रयोग हुने निर्माण सामग्री तथा उपकरणसमेत बगाएको प्रारम्भिक विवरणमा जनाइएको छ ।

भने माछाखोला आयोजनाको पहुँच सडक र पुलमा क्षति पुगेको छ । १६ मेगावाट क्षमताको माछाखोला जलविद्युत् आयोजनामा पनि बाढीले क्षति पुर्याएको छ । वाटर इनर्जी डेभलपमेन्ट प्रालिले प्रवर्द्धन गरिरहेको उक्त आयोजनाको पहुँच सडक तथा आयोजना स्थलसम्म पुग्ने पुलमा क्षति पुगेको विवरणमा उल्लेख छ ।

## दमकमा एभरेष्ट हाइपर मार्केटको तेश्रो शाखा सञ्चालन

दमक,२५ असोज । झापाको बाह्दशीस्थित एभरेष्ट हाइपरमार्केट प्रालिले आइतवारदेखि दमकमा आफनो तेश्रो शाखा सञ्चालनमा ल्याएको छ । नेपालीहरूको महान चाड दशैंको शुरूवाती घटस्थापनाका अवसर पारेर एभरेष्ट हाइपरमार्केटले दमकमा शाखा सञ्चालनमा ल्याएको हो । दमक ६ थानारोडमा सञ्चालनमा ल्याईएको उक्त सपिङ मार्केटको दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले उद्घाटन गरे ।

दमक तथा त्यस आसपासका उपभोक्ताहरूलाई एउटै छातामुनी दैनिक उपभोग्य सामाग्रीदेखि विभिन्न ब्राण्डका लत्ताकपडाहरू, जुत्ताचप्पल, घरायसी समानहरू सहज रूपमा उपलब्ध गराउने उद्देश्यले नयाँ शाखा सञ्चालनमा ल्याइएको सञ्चालक चान मोम्हमदले जानकारी दिए । दमकमा खोलिएको यस व्यवसायिक प्रतिष्ठानमा करिव १० करोड लगानी रहेको तथा दुई दर्जन बढीले रोजगारी पाएको एभरेष्ट हाइपरमार्केट प्रालिद्धारा जारी प्रेस नोटमा उल्लेख छ ।

उनका अनुसार सन् २०२१ मा राजगढ वजारमा पहिलोपटक सञ्चालनमा ल्याइएको उक्त मार्केट दोश्रो शाखा २०२४ मा विर्तामोड र आइतवारदेखि भने दमकमा सपिङ मार्केटको उद्घाटन गरिएको हो । सपिङ मार्केटले शाखा विस्तारका क्रममा हरेक बस्तु खरिदमा उपभोक्ताहरूलाई आर्कषक छुटको व्यवस्था राखिएको सञ्चालक मोम्हमदले बताए । उनले उभोक्ताहरूलाई सर्वसुलभ, गुणस्तरिय सेवा पुरयाउँन अव इटहरी र काठमाण्डौसम्म शाखा विस्तार गरिने लक्ष्य राखिएको उनको भनाई छ । सपिङ मार्केट उद्घाटनमा दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाई, उद्योगी, व्यवसायीहरू, सर्वसाधारणहरूको उल्लेखीय उपस्थिति रहेको थियो ।


## कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## उर्लाबारी नगरपालिकाको सँधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७बस्ने देवीमाया कार्कीको नाममा दर्ता कायम रहेको मधुमल्ला५/छ को कि.नं. ४२९६ ज.वि. ०-०-१०-०मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पूर्वतर्फ सँधियार फौद राज कार्की पश्चिमतर्फ सँधियार किशोर राई उपस्थित नहुनु भएको हुँदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०५।२६

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३।०६।२३ मा स्विकृती प्राप्त भई साविक कम्पनी रविन एण्ड निर्जल कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि.नं.२०१७३०/०७५/०७६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको सि.के. बिल्डर्स प्रा.लि. अंग्रेजीमा **C.K. Builders Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

◆ **प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, ◆ **कार्यकारी सम्पादकः** खगेन्द्र कार्की ◆ **सहसम्पादकः** विमल लामिछाने ◆ **बजार व्यवस्थापकः** केशव खनाल ◆ **लेआउटः** सुरेन बस्नेत

**कार्यालय**ः दमक-५, झापा, फोनः ०२३-५७०२७२, **मुद्रण**ः ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com